नेपाल दूरसञ्चार कम्पनी लिमिटेड
(नेपाल टेलिकम)
केन्द्रीय कार्यालय
पदपूर्ति समिति
सूचना नं ०४/२०८३-८४

गो.प.मा प्रकाशित मिति २०८३/०७/१३

कार्यक्षमता मूल्याङ्कन वढुवाको सूचना

लोक सेवा आयोगबाट सहमति प्राप्त हुन आए बमोजिम यस कम्पनीमा रिक्त रहेका निम्न लिखित पदहरूमा नेपाल दूरसञ्चार कम्पनी लिमिटेडको कर्मचारी विनियमावली, २०७८ (संशोधन समेत) को विनियम ११, ३५, ३६, ३७, ३८, ३९,४० र ४१ बमोजिम कार्यक्षमता मूल्याङ्कनको आधारमा देहायका पदहरूमा बढुवाद्वारा पूर्ति गर्नुपर्ने भएकोले विनियम ३५ को उपविनियम (२) बमोजिम कम्पनीको सम्बन्धित सेवा, समूह र उपसमूहको एक तह मुनिको पदमा ३ आर्थिक वर्ष स्थायी सेवा अबधि पुगेका तथा बढुवा हुने पदको लागि सोही अनुसूची-२ बमोजिम आवश्यक न्यूनतम शैक्षिक योग्यता हासिल गरेका कर्मचारीहरूले यो सूचना गोरखापत्र दैनिकमा प्रकाशित भएको मितिले ३० (तीस) दिनभित्र यस कम्पनीको ERP System मा गई आफुलाई उपलब्ध ERP ID बाट लगइन गरी NDCL Employee Candidate Role मा गएर व्यक्तिगत प्रोफाइल विवरण र आफूले हासिल गरेको न्यूनतम शैक्षिक योग्यता तथा थप शैक्षिक योग्यता, सेवाकालीन तालिम, नियुक्ति तथा सरुवा, रमाना पत्र, जेष्ठता र भौगोलिक क्षेत्रको अनुभव स्पष्ट देखिने प्रमाणपत्रहरू अपलोड (Upload) गरी दरखास्त आवेदन दिनु हुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

म्याद नाघी प्राप्त भएको वा रीत नपुगेको दरखास्त उपर कुनै कारवाही हुने छैन । Online System द्वारा फाराम भर्दा आवेदकले भरेका र Upload गरेका विवरणहरू तोकिए बमोजिमका नभएमा वा झुठा ठहरिएमा त्यस्ता विवरणहरूको हकमा आवेदक स्वयं नै जिम्मेवार हुनेछ ।

आवेदकले Online दरखास्त भरे पश्चात् System मा आवेदन दर्ता गरेको Application Details को प्रिण्ट कपी संलग्न गरी Online फाराम भर्दा Upload गरिएका कागजातहरूको प्रतिलिपि समावेश गरी सोको पञ्जिकासहितको निवेदन फाइल तयार गरी काठमाण्डौं उपत्यकास्थित कार्यालयमा कार्यरत कर्मचारीले कम्पनीको केन्द्रीय कार्यालय, पदपूर्ति समितिको सचिवालयमा र उपत्यका बाहिरका कार्यालयहरूमा कार्यरत कर्मचारीहरूले दरखास्त फाराम भर्ने अवधिभित्रै सम्बन्धित प्रादेशिक निर्देशनालयमा पठाउनु हुन समेत अनुरोध गरिन्छ ।

साथै कार्यक्षमता मूल्याङ्कन वढुवा प्रक्रियामा आवेदकको जेष्ठता, शैक्षिक योग्यता, सेवाकालीन तालिम, भौगोलिक कार्यक्षेत्रको कार्य अनुभव लगायतका अंक गणना सम्बन्धी कार्य ERP मा रहेको बैयक्तिक विवरण अनुसार हुने भएकोले आवेदक आफूले हासिल गरेको शैक्षिक योग्यताको प्रमाणपत्र, समकक्षता खुल्ने प्रमाणपत्रलगायतका विवरणहरू कम्पनीको मानव संसाधन विभाग, किताब शाखामार्फत ERP System मा अनिवार्य रुपमा अद्यावधिक गराउनु हुन अनुरोध गरिन्छ ।

सि.नं.	बि.नं.	सेवा/समूह	तह	पदको नाम	पदसंख्या
१	१/२०८३-८४	प्रा./टे.	११	प्रमुख प्राविधिक अधिकृत/प्रमुख सञ्चालन अधिकृत/ निर्देशक,	१
२	२/२०८३-८४	मिश्रित (प्र./प्रा.)	११	नायव प्रबन्ध निर्देशक (कम्पनी सचिव)	१
३	३/२०८३-८४	प्रा./टे.	१०	निर्देशक/प्रबन्धक (टेलिकम)	२
४	४/२०८३-८४	प्रा./सि.	१०	प्रबन्धक (सिभिल)	१
५	५/२०८३-८४	प्र./प्र.	१०	प्रबन्धक (प्रशासन)	२

६	६/२०८३-८४	प्र./ले.	१०	प्रबन्धक (लेखा)	२
७	७/२०८३-८४	प्रा./टे.	९	उप प्रबन्धक (टेलिकम)	२
८	८/२०८३-८४	प्रा./प्रा.	९	उप प्रबन्धक (प्राबिधिक)	१
९	९/२०८३-८४	प्र./प्र.	९	उप प्रबन्धक (प्रशासन)	३
१०	१०/२०८३-८४	प्र./ले.	९	उप प्रबन्धक (लेखा)	४
११	११/२०८३-८४	प्रा./टे.	८	वरिष्ठ इन्जिनियर (टेलिकम)	४
१२	१२/२०८३-८४	प्रा./ नि. तथा म.	८	वरिष्ठ प्राबिधिक अधिकृत (निर्माण तथा मर्मत)	१
१३	१३/२०८३-८४	प्र./प्र.	८	वरिष्ठ प्रशासकीय अधिकृत	२
१४	१४/२०८३-८४	प्र./प्र.	८	वरिष्ठ व्यापार अधिकृत	२
१५	१५/२०८३-८४	प्र./ले.	८	वरिष्ठ लेखा अधिकृत	७
१६	१६/२०८३-८४	प्रा./प्रा.	७	प्राबिधिक अधिकृत	१३
१७	१७/२०८३-८४	प्र./प्र.	७	प्रशासकीय अधिकृत	२
१८	१८/२०८३-८४	प्र./प्र.	७	व्यापार अधिकृत	२
१९	१९/२०८३-८४	प्र./ले.	७	लेखा अधिकृत	१०
२०	२०/२०८३-८४	प्रा./प्रा.	६	सहायक प्राबिधिक अधिकृत	६
२१	२१/२०८३-८४	प्रा./नि. तथा म.	६	सहायक प्राबिधिक अधिकृत (निर्माण तथा मर्मत)	३
२२	२२/२०८३-८४	प्र./प्र.	६	सहायक प्रशासकीय अधिकृत	३
२३	२३/२०८३-८४	प्र./प्र.	६	सहायक व्यापार अधिकृत	२
२४	२४/२०८३-८४	प्र./ले.	६	सहायक लेखा अधिकृत	१
२५	२५/२०८३-८४	प्रा./प्रा.	५	सिनियर टेक्निसियन	८
२६	२६/२०८३-८४	प्र./प्र.	५	वरिष्ठ सहायक	९
२७	२७/२०८३-८४	प्रा./प्रा.	४	टेलिकम टेक्निसियन	५
२८	२८/२०८३-८४	प्रा./प्रा.	३	जुनियर टेक्निसियन	७

सदस्य सचिव
पदपूर्ति समिति